# हुप्सेकोट गाउँपालिका

आर्थिक वर्ष २०७७/०७८

# नीति तथा कार्यक्रम

## गाउँ कार्यपालिकाको कार्यालय

झ्यालबास, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

१० असार २०७७

**माननीय सदस्य ज्यूहरु,**

गाउँकार्यपालिकाका सम्पूर्ण कर्मचारी ,पत्रकारहरु एवं सुरक्षाकर्मीहरु

१) संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासनको आधारका रुपमा रहेको स्थानीय सरकारको रुपमा हुप्सेकोट गाउँपालिकाले आफ्नो स्थापनाका दिन देखि यस क्षेत्रका जनताको ईच्छा चाहना र आकांक्षालाई पुरा गर्न हरदम कर्तव्यनिष्ठ क्रियाशिल र प्रतिवद्ध रहेको यहाँहरु सबैलाई सर्वविदितै छ । जनताको अभिमत मार्फत स्वतन्त्र निर्वाचनको माध्यमबाट यस हुप्सेकोट गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षविभोर छु ।

२) संघीय लोकतान्त्रीक शासन व्यवस्थाको स्थापनामा जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमरशहितहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । शहिद वेपत्ता र घाईते परिवारप्रति उच्च सम्मान प्रकट गर्दै घाईतेको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाईरस कोभिड १९ बाट आक्रान्त भएको यो अप्ठ्यारो परिस्थितीमा विभिन्न देशमा रहेर र आफ्नै गाउँमा फर्केर आएका सम्पूर्ण संक्रमित दाजुभाई दिदीबहिनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै क्वारेन्टाईनमा बस्ने सम्पूर्ण दाजुभाई दिदीबहिनीहरुलाई सकुशल रहनको लागि भगवानसँग प्रार्थना गर्दछु। यो संकटको बेला अति विपन्न, सिमान्तकृत, दलित उत्पिडित मजदुर सबैलाई सहज जीवनको लागि उच्च प्राथमिकतामा राखी गाउँपालिकाले सहज वातावरण सिर्जना गर्ने दिशा तर्फ लैजाने हर प्रयत्न गर्ने विश्वास दिलाउँछु। यो कठिन परिस्थितीमा अहोरात्र खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, स्वयम् सेवक, जनप्रतिनिधी, राजनीतिक दल, नागरिक समाज, विभिन्न संघ संस्था, पत्रकार सबैप्रति उच्च सम्मान प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछु।

३) लोकतान्त्रिक मूल्यमान्यता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रता, आवधिक निर्वाचन र विधिको शासन प्रति हुप्सेकोट गाउँपालिका पूर्ण प्रतिवद्ध रही स्थानीय तहको हक, कर्तव्य संरक्षण र उपयोग सम्बन्धमा सदा दृढ संकल्पित छ ।

४) समाजमा रहेका सबैप्रकारका विभेद, वञ्चितीकरण र असहिष्णुताको अन्त्य गर्दै राज्यको शासन र विकासको अवसरबाट वञ्चितीमा परेका र पारिएका वर्ग, समुदाय, जाती क्षेत्र र लिङ्ग लाई शासनको मूल प्रवाहमा ल्याउन हुप्सेकोट स्थानीय सरकार सधै सचेत र अग्रसर रहनेछ ।

५) हुप्सेकोटवासी सम्पूर्ण दिदी वैनी तथा दाजु भाईहरु यहाँहरुको चाहना, आकांक्षा र वास्तविक आवश्यकतालाई सम्वोधन गर्न हामीलाई उपलब्ध स्रोत साधनको महत्तम उपयोग गर्दै यस क्षेत्रको सर्वाङ्गीण विकासमा हुप्सेकोट गाउँपालिका सदा प्रतिवद्ध रहेको छ । यस अभियानमा विकासका

आवश्यकता पूर्ति गर्न हामीले संघीय सरकार, प्रदेश सरकार, नीजि क्षेत्र, नागरिक समाज, गैर सरकारी संघ संस्था तथा निकायहरु सँग आवश्यक सहकार्य सहलगानी र सहकारीको मूल्य मान्यतालाई आत्मसात गर्दै अगाडी बढी रहेका छौं। नेपाल सरकारबाट लकडाउनको आदेश शुरु भई हाल सम्म पनि कार्यान्वयन भई रहेको सन्दर्भ छ। यस महामारीले चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनमा नकारात्मक प्रभाव पारी सकेको छ भने आगामी आर्थिक वर्षमा नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा यस सम्बन्धि पूर्व सावधानी तथा जनस्वास्थ्य सम्बन्धि मापदण्डलाई समेत हेक्का राखी अगाडी बढ्नु पर्ने पृष्ठभूमि छ। कोरोना भाईरसको संक्रमणबाट सृजित महामारीका वावजुद चालु आ.व. मा हामीले हाँसिल गरेका केही महत्वपूर्ण उपलब्धीहरुलाई यस सम्मानीत गाउँसभामा प्रस्तुत गर्न गर्दछु ।

**चालु आर्थिक वर्षमा सम्पन्न भएका महत्पूर्ण उपलब्धीहरु :**

१) यस गाउँपालिका भित्रका विभिन्न वडामा ६२०० मि. बाटो असार मसान्त सम्म कालोपत्रे गरी सम्पन्न हुने क्रममा रहेको छ । यस आर्थिक वर्षमा ग्राभेल सडक निर्माण २२ कि.मि. सम्पन्न भएको छ भने माटे सडक ३२ कि.मि., सिंचाई कुलो निर्माण र मर्मत ४ कि.मि., कल्भर्ट निर्माण ३ वटा, खानेपानी टंकी निर्माण तथा पानी वितरण ९ वटा, साईड वाल १९ कि.मि. सम्पन्न भएको छ।

२) गाउँपालिकाको प्रत्येक वडामा बाटा-घाटा, कल्भर्ट, सिंचाई कुलो, स्कूल, खानेपानी योजनाहरु द्रुत गतिमा संचालनमा रही सम्पन्नताको संघारमा रहेका छन् ।

३) चालु आ.व. मा विकास निर्माण प्रक्रियामा जनताको सहभागिता र अग्रसरता मार्फत आफ्नो अपनत्व महशुस गर्ने कार्यले हामीलाई प्रेरणा मिलेको छ ।

४) पहाडी क्षेत्रको विकासको गतिलाई तिव्रता दिन जापडाँडा देखि मुरलीखोला हुँदै पाल्पा निस्दी जोड्ने सडकको ट्र्याक पूरा भएको छ भने विभिन्न वडाहरुलाई जोड्ने दुई वटा फुट ट्रस ब्रीज र चार वटा झोलुङ्गे पुल निर्माण भई सम्पन्न हुने अवस्थामा छन् ।

५) बाहुन चौपारी देखि रमिते हुँदै सार्कीडाँडा निस्दी जोड्ने बाटोको ट्र्याक पुरा गरिएको छ ।

६) उज्यालो हुप्सेकोट अभियानलाई पुर्णता दिन गाउँपालिकाको पहलमा विद्युत प्राधिकरणसँगको समन्वयमा संघीय सरकारबाट ग्रामिण विद्युतीकरण अन्तर्गत रु. एघार करोड पचासी लाख र प्रदेश सरकारबाट ग्रामिण विद्युतीकरण अन्तर्गत रु. एक करोड असी लाख गरी एकमुष्ट रु. तेह्र करोड पैसठ्ठी लाख रकमको बोलपत्र प्रक्रियाबाट गाउँपालिकाको वडा नं. २, ४, ५ र ६ का सम्पूर्ण क्षेत्रमा विद्युतीकरणको क्रमलाई आ.व. २०७६/७७ बाट शुरु भई २०७७/७८ सम्म सम्पन्न हुने लक्ष्यका साथ कार्य भईरहेको छ। यस

कार्य सम्पन्न पश्चात हुप्सेकोटलाई पूर्ण रुपमा उज्यालो गाउँपालिका घोषणा गर्ने गरी गाउँपालिका अगाडी बढीरहेको छ।

७) शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत संचालन हुन लागेको हुप्सेकोट देउराली शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था मार्फत स्वच्छ खानेपानीको लागि योजना सम्झौता भई निर्माण चरणमा प्रवेश गर्ने तयारी गरिएको छ।

८) जुगेपानीमा डिप वोरिङ्ग संचालन गरी जनताहरुलाई सुरक्षित खानेपानी सुविधा उपलब्ध गराईएको छ ।

९) न्यायीक समितिलाई गाउँपालिकामा दर्ता भएका ४७ वटा मुद्दाहरु मेलमिलाप गरी किनारा लगाईएको छ । मेलमिलापकर्तालाई सात दिने आधारभूत तालिम प्रदान गरिएको छ ।

१०) स्थानीय सरकार संचालन ऐन २०७४ का विषेशताका विषयमा अन्तरक्रिया कार्यक्रम प्रदान गरिएको छ ।

११) हुप्सेकोट गाउँपालिका भरी पशु स्वास्थ्य र पशु विकासलाई टेवा पुर्याउन पशु विमा कार्यक्रम संचालन गरी सम्पन्न गरिएको छ ।

१२) सुनौलो १००० दिनका आमा तथा किशोरीहरुलाई करेसावारी व्यवस्थापन, कुखुरा पालन एवं खानेपानी शुद्धीकरण सम्बन्धि तालिम सम्पन्न गरिएको छ ।यसबाट २१८ जना गर्भवती, सुत्केरी तथा किशोरीहरु लाभान्वित भएका छन् ।

१३) दुई वटा माध्यमिक विद्यालयमा ४-४ कोठे भवन निर्माण सम्पन्न गरिएको छ भने १० वटा विद्यालयहरुमा भुकम्प पुनर्निर्माण अन्तर्गत शौचालय निर्माण कार्य सम्पन्न हुने क्रममा छन् ।

१४) व्यवसायीक तरकारी विकास आयोजना तर्फ ५० प्रतिशत अनुदानमा ११० जना कृषकलाई तरकारी वीउ वितरण गरएको छ भने ५० प्रतिशत अनुदानमा प्लाष्टिक मल्चिङ्ग ३१ जना कृषकलाई वितरण गरिएको छ ।

१५) व्यवसायीक आलु विकास आयोजनाबाट ५० प्रतिशत अनुदानमा ४५० जना किसानलाई १६ टन आलुको वीउ वितरण गरिएको छ भने ११० जना कृषकहरुलाई १००० वोतल च्याउको वीउ र १६ के.जी. पोलिप्याक वितरण गरिएको छ । सहनशिलता कृषक समूह शंखदेव ४ लाई च्याउखेतीमा व्यवसाय उन्मुख भएको कारण पराल काट्ने एक थान चापकटरमा रु तीस हजार अनुदान दिई जडान गरिएको छ।

१६) आ.व.०७६/७७ मा कोभिड १९ को प्रभावले गर्दा बन्दाबन्दीको प्रभावलाई हेरी आम कृषकहरुले उन्नत धानको बीउ माग गरेको अवस्थालाई मध्यनजर गर्दै ५० प्रतिशत अनुदानमा करीब ३४ मेट्रिकटन विभिन्न जातका धानका बीउ ५० प्रतिशत अनुदानमा करीब १२ सय जना कृषकहरुलाई वितरण गरिएकोछ।

१७) कृषि बजार विकासका लागि यस वर्ष कृषि उपज बजार विकास भवन निर्माण र टहरा निर्माण कार्य सम्पन्न

भएको छ। यसले गर्दा यस पालिकाभित्रका सम्पूर्ण कृषकहरुलाई कृषि बजार पहुँचमा सरलता भई लाभान्वित हुने देखिन्छ।

१८) यस आ.व.०७६/७७ मा साना सिचाई मर्मत तथा सम्भार कार्यक्रममा ५ वटा सिंचाईकुलो मर्मत गरी करीब २५० जना कृषकहरु लाभान्वित भएका छन् भने वडा नं ५ को रुद्रपुरमा ३ वटा प्लाष्टिक पोखरीको निर्माणले त्यहाँका करीब ४० घर परिवारका लागि सानो स्तरमा तरकारी खेती गरी लाभान्वित हुनेछन्।

१९) कृषिमा व्यवसायिकरणका लागि उत्प्रेरणा जगाउन यस वर्ष पनि ५ जना सफल कृषक व्यवसायीहरुलाई पालिका स्तरिय उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित गरिनेछ।

२०) यस आ.व.०७६/७७ मा २३ जना पशुपालक व्यवसायिक कृषकहरुलाई भकारो सुधारका लागि जनही १० हजारका दरले अनुदान उपलब्ध गराई गोठ सुधार गरिएको छ।

२१) लैंङ्गिक हिंसा विरुद्ध विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ । ज्येष्ठ नागरिक तथा अपाङ्गहरुको लागि परिचय-पत्र वितरण गरिएको छ । यसै गरी गाउँपालिका स्तरीय ज्येष्ठ नागरिक संघको पनि गठन गरिएको छ । वालवालिका तथा ज्येष्ठ नागरिक माथि हुने दुर्व्यवहारका विरुद्ध सचेतना कार्यक्रम संचालन गरिएको छ ।

२२) भुकम्प पुननिर्माण अन्तर्गत १३९ भुकम्प पिडीत मध्ये १०९ जना भुकम्प पिडीतले तीन लाखका दरले रकम लिई निजी आवास निर्माण सम्पन्न गरिएकोछ ।

## आगामी वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

### " स्वास्थ्य "

२३) वालविवाह न्यूनीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरीएको छ भने वालविवाह न्यूनीकरणको लागि प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईएकोछ ।

२४) सुत्केरी आमा पोषिलो खाना कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिएकोछु त्यसबाट गाउँपालिकाभित्रका २९५ जना सुत्केरी आमा र बच्चाको पोषण तथा स्याहारलाई चालु आर्थिक वर्षमा व्यवस्थित गरिएकोछ।

२५) महिला स्वास्थ्य स्वयम् सेविकाको लागि भत्ताको व्यवस्था तथा वर्थिङ्ग सेन्टरलाई चौबिसै घण्टा संचालन गर्न आवश्यक वजेट विनियोजन गरिएकोछ।

२६) आयुर्वेद औषधालय व्यवस्थापन तथा देउराली स्वास्थ्य चौकीमा प्रयोगशाला व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेकोछु।

२७) प्लाष्टिक झोलालाई विस्थापन गर्न र त्यसको प्रयोगलाई निरुत्साहित गर्न सफा झोला कार्यक्रम संचालन

गरिनेछ।

२८) गर्भवती आमाहरुको लागि कोभिड १९ को संक्रमण तथा अन्य औलो एवम् डेंगु रोगको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि पर्याप्त रकम विनियोजन गरेकोछु।

२९) हुप्सेकोटबासी दिदीबहिनी दाजुभाईहरुको सरसफाईलाई व्यक्तिगत र पारिवारिक स्तरबाटै सुधार गर्न व्यवस्थित जुठेल्नो कार्यक्रम संचालन गरिनेछ।

३०) सम्पूर्ण वालवालिका, किशोरी तथा प्रजनन् उमेरका महिलासम्म पोषणयुक्त खाना र सुधारिएको पोषण सम्बन्धि हेरचाहको समान र उपयुक्त पहुँच पुर्याईनेछ।

३१) किशोरकिशोरी, गर्भवती महिला तथा स्तनपान गराईरहेका आमाहरु, शिशु तथा साना वालवालिकाका लागि स्वस्थ, पोषणयुक्त र विविध खाना र खानाको श्रोत प्रवर्धन गरिनेछ।

३२) वहुक्षेत्रीय पोषण तथा खाद्यसुरक्षा कार्यक्रम लागु गरी संचालनको व्यवस्था मिलाएको छु।

३३) ६ देखि २३ महिनासम्मका साना वालवालिकाको खानालाई विविध सुक्ष्म पोषक तत्त्वहरुद्वारा सुधार गर्ने उद्देश्यका साथ यो कार्यक्रम लागु गरिएकोछ।

३४) प्रारम्भिक स्वास्थ्य सेवा प्राप्ति गर्न गाउँपालिका वाहिर जान नपर्ने व्यवस्थाको सुनिश्चितता गर्न देउराली स्वास्थ्य चौकीमा एम.वि.वि.एस. डाक्टरको प्रवन्ध गरिनुका साथै प्रयोगशाला स्थापना गरी Pathology सेवा संचालन गरिनेछ।कोभिड-१९ का कारण २४ सै घण्टा कार्यस्थलमा खटिन सक्ने गरी गाउँपालिका भित्रको स्वास्थ्य सेवालाई चुस्त र भरपर्दो बनाइनेछ।

## “ खानेपानी तथा सरसफाई ”

३५) वडा स्तरीय खानेपानी योजनाहरु सम्पन्न भई खानेपानी व्यवस्थापनमा सुधार भएकोछ। विपदको यस समयमा शुद्ध खानेपानी प्रत्येक घरमा पुर्याउने उद्देश्यले हरेक वडाको टोलटोललाई मध्यनजर राखी शुद्ध खानेपानी आपूर्तिको व्यवस्था मिलाईनेछ।

३६) **पूर्ण सरसफाई मार्ग दर्शन २०७३ अनुसार** गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति र वडा स्तरीय W-WASH-CC आवश्यकता अनुसार गठन पुनर्गठन गरी सक्रिय गरिनेछ।

३७) पूर्ण सरसफाई कार्यक्रमलाई सार्थक दिलाउन अभियानका रुपमा संचालनमा ल्याईनेछ।

३८) गाउँपालिका भित्र रहेका खानेपानी उपभोक्ता संस्थाहरुको दर्ता कार्यक्रम संचालन गरि खानेपानी संस्थाको संस्थागत विकासको माध्यमवाट शुद्ध खानेपानी पहुँच अभिवृद्धि एवं सरसफाई कार्यक्रम संचालन गरिनेछ।

३९) भान्सावाट निस्कने फोहोरका कारण व्यक्तिगत सरसफाईमा पर्न गएको प्रतिकुल असर न्यूनिकरण गर्न गाउँपालिका भित्र व्यवस्थित जुठेल्नो कार्यक्रम संचालन गरिनेछ। व्यवस्थित जुठेल्नोवाट संकलित पानीको उपयोग गरी करेसावारी तथा फलफुल विरुवा रोप्ने कार्य थालनी गरिनेछ।व्यवस्थित जुठेल्नो र "एक घर-५ फलफुल विरुवा रोपण कार्यक्रम" लाई अन्तरआवद्ध गरी संचालन गरिनेछ।

## “ कृषि तथा पशु ”

४०) जुनेटिक रोग सम्बन्धि विद्यालय शिक्षा कार्यक्रम संचालन गरी विद्यार्थीहरुमा पशुबाट मानिसमा सर्ने रोगको सम्बन्धमा जनचेतना मूलक कार्यक्रम संचालन भएका छन् ।

४१) ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम सम्पन्न गरी गाउँका अस्वस्थ पशुहरुलाई सहज उपचारको व्यवस्था मिलाईएको छ ।

४२) निःशुल्क पशु स्वास्थ्य शिविर एवं पशु खोप कार्यक्रम संचालन गरी गाउँपालिकामा पशुपालक किसानहरुलाई पशुपालन तर्फ आकर्षित गरिएको छ ।

४३) घाँसको विउ तथा वेर्ना वितरण कार्यक्रमको माध्यमबाट सहज रुपमा घाँस उपलब्ध गराई किसानहरुलाई पशुपालन तर्फ आकर्षित गरिएको छ ।

४४) दुध र मासुमा उत्पादनको आधारमा अनुदान दिईनेछ।

४५) बाख्रामा कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ।

४६) कोभिड-१९ को विश्वव्यापी असरबाट रोजगारी गुमाएर स्वदेश फर्किएका तथा स्वदेशमै बेरोजगार हुन पुगेका श्रमिकहरुमा निहीत सिप र प्रविधिलाई अधिकतम उपयोग गर्न निजहरुको व्यक्तिगत विवरण माग गरि सीप र क्षमताको आधारमा प्रत्यक्ष रोजगारी प्राप्त गर्ने आर्थिक कार्यक्रमहरु संचलान गर्न तथा स्थानिय बजारको मागलाई पूर्ति गर्दै अर्धदक्ष तथा अदक्ष श्रमिकहरुलाई कृषि तथा पशुपालन कार्यक्रममा प्रोत्सहान गर्दै बेरोजगारी न्यूनीकरणमा टेवा पुग्ने बिशेष कार्यक्रमहरु संचलान गरिनेछ |

४७) कृषिक्षेत्रमा व्यवसायिकिकरण गर्नका लागि **एक गाउँ एक प्राबिधिक कार्यक्रम** संचालन गरि हरेक वडामा दक्ष प्राबिधिक जनशक्तिको व्यवस्था गरिने छ |

४८) कृषक दर्ता , व्यवस्थापन, कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्यांक अध्यावधिक गर्ने कार्य संघ संग समन्वय गरि संचालन गरिने छ | स्थानीय कुखुरा पालन तथा बंगूर पालन मोडल फर्म स्थापना गर्ने व्यवस्था मिलाइने छ |

४९) स्थानीय भेंडा स्रोत संरक्षण कार्यक्रम वार्ड न. १ बेलवामा र स्थानीय भैसी स्रोत संरक्षण कार्यक्रम वार्ड न. ५ राम्चे र रुद्रपुरमा संचालन गरिने छ |

५०) पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर संचालान गरिने छ |

५१) व्यवसायिक पशुपालनमा जोड दिन हरेक वडामा बोयर लगायत उन्नत जातका बाख्राहरु वितरण गरिने व्यवस्था मिलाइने छ |

५२) दुग्ध उत्पादनमा संलग्न कृषकहरुलाई विशेष सहुलियतको व्यवस्था मिलाइने छ |

५३) बाख्रा ,भैसी आदिको साना व्यवसायी कृषि उत्पादन केन्द्र कार्यक्रम संचालन गरिने छ |

५४) जनता आवास कार्यक्रमलाई प्रत्येक वडामा संचालन गराई अति विपन्न एवम् न्युन आय भएका

परिवारहरुलाई सुरक्षित बासको अनुभूत गर्ने व्यवस्था मिलाईनेछ।

## “ शिक्षा ”

५७) शिक्षा क्षेत्रमा सूचना प्रविधिको अधिकतम उपयोग गरी शिक्षा प्रशासनलाई चुस्त र अभिलेख व्यवस्थापन सुदृढ गराइनेछ।

५८) शिक्षकहरुलाई प्रविधि सम्बन्धि तालिम दिइ हरेक विद्यालयमा आधुनिक शिक्षण प्रविधिको माध्यमबाट अध्यापन गर्ने व्यवस्था मिलाइनेछ ।

५९) गाउपालिकाका सबै सामुदायिक विद्यालयहरू प्रविधियुक्त बनाउन आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

६०) विद्यालय तह देखिनै राष्ट्रियता, गाउँपालिकाको मौलिक कला, संस्कृति र ज्ञानको सम्मान संरक्षण सम्वर्द्धन गर्न नैतिक विषयमा बल पुग्ने किसिमको स्थानीय पाठ्यक्रम तयार गरी पाठ्यपुस्तक निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

६१) आधारभूत शिक्षा अनिवार्य तथा निशुल्क तथा माध्यमिक तहको शिक्षा निशुल्क पाउने संवैधानिक अधिकारलाई सुनिश्चित गर्न सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन संघ तथा प्रदेश सँग सहकार्य गरिनेछ।

६२) सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलाउन दरबन्दी मिलान कार्यको सुरुवात गरिएको र यसलाई पुर्णता दिइनेछ ।

६३) प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरि प्राविधिक विद्यालयहरु स्थापना गरिनेछ ।

६४) सामुदायिक विद्यालय सञ्चालनको अनुमति प्रदान गर्दा शिक्षक दरबन्दी अनुदानको रुपमा विद्यालय संचालन तथा व्यवस्थापन अनुदानको व्यवस्था मिलाइएको छ ।

६५) विद्यायलहरुको भौतिक निर्माणको कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

६६) सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरणको व्यवस्था मिलाइनेछ ।

६७) सामुदायिक विद्यालयका गरिब तथा विपन्न वर्गका विद्यार्थीहरुलाई छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६८) अँग्रेजी, गणित र विज्ञान बिषयको सिकाइ उपलब्धि वृद्धि गर्न थप कार्यक्रम सञ्चालन गरिनेछ ।

६९) पुस्तकालय, विज्ञान प्रयोगशाला र आइ.सि.टि कार्यक्रम हरेक माध्यमिक विद्यायलमा क्रमशः सञ्चालन गर्ने व्यवस्था गरिनेछ । यसको लागि संघ तथा प्रदेशसँग सहकार्य समेत गरिनेछ ।

७०) प्रतिस्पर्धात्मक शैक्षिक वातावरण तयार गर्न प्रोत्साहान र पुरस्कारको व्यवस्था गरिनेछ ।

७१) प्रदेश तथा संघीय सरकारसँगको साझेदारीमा विद्यालयमा भौतिक पूर्वाधारको निर्माण गरिनेछ ।

७२) सामुदायिक विद्यायलहरुको स्तर वृद्धि गर्न कक्षा ५ र ३ का परीक्षाहरु समेत गाउँपालिकास्तरबाट संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

७३) विद्यालयहरुमा निःशुल्क पाठ्यपुस्तक वितरणको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७४) यस वर्ष माध्यमिक तह संचालनका लागि अनुमति पाएका विद्यालयहरु ज्वाला आ.वि. झ्यालबास ,जनता आ.वि गुहेरी, शिक्षाबोधानी आ.वि रुद्रपुर तथा कक्षा ११,१२ संचालन हुने हुप्सेकोट मा.वि मौलाथर लाई विद्यालय संचालान, व्यवस्थापन अनुदानको व्यवथा गरीएको छ |

७५) सामुदायिक विद्यालयका प्र.अ. र गाउँपालिका बीच शैक्षिक गुणस्तर वृद्धि गर्न कार्य सम्पदान सम्झौता गरिने छ |

७६) यस गाउँपलिकाका सामुदायिक विद्यालयहरुमा प्राबिधिक विद्यालय संचालान गर्न आवश्यक व्यवस्था मिलाइने छ |

७७) विद्यालय रेडियो शिक्षा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ |

७८) विपदका कारणले एवम् शारिरिक समस्याका कारणले विद्यालयको पहुँच भन्दा टाढा रहेका विद्यार्थीहरुलाई विद्युतिय माध्यमबाट सिकाईको व्यवस्था मिलाईनेछ।

## “ युवा तथा खेलकूद कार्यक्रम ”

**माननीय सदस्यहरु**

८०) हुप्सेकोट गाउँपालिका स्तरीय रंगशाला निर्माणको लागि संघ तथा प्रदेश संग समन्वय गरि निर्माण कार्य अगाडि बढाइने छ |

८१) गाउँपालिका स्तरीय विभिन्न खेलकूद प्रतियोगिता संचालनको व्यवस्था मिलाएको छु |

८२) युवाहरुलाई विभिन्न सिप मूलक तालिमको व्यवस्था मिलाएको छु |

८३) वैदेशिक रोजगारीबाट फर्किएका दक्ष जनशक्तिको ज्ञान सीप हस्तान्तरण गर्ने व्यवथा मिलाएको छु |

८४) युवा उद्यमीहरुलाई नयाँ व्यवसाय शुरु गर्न Start up Fund को स्थापना गरिएको छ ; त्यसबाट नयाँ व्यवसायमा जान चाहने युवा शक्तिलाई प्रोत्साहन मिल्ने अपेक्षा लिएकोछु।

८५) हुप्सेकोट गाउँपालिकाका सबै युवा क्लवहरुलाई आवश्यक हुने खेलकुद सामाग्री खरिदका लागि रकम विनियोजन गरेकोछु।

८६) हुप्सेकोट गाउँपालिकामा फुटवल, भलिवल, लगायतका खेलकुदको राम्रो सम्भावना देखिएकोले त्यसको थप प्रवर्द्धन गर्न राष्ट्रपति रनिङ्गशिल्ड तथा युनाईटेड गोल्डकप फुटवल प्रतियोगिताका लागि सदा जस्तै आगामी वर्षका लागि पनि केही रकम विनियोजन गरेकोछु।

८७) दलित समुदायको परम्परागत पेशा र सीपको जगेर्ना गर्न उपयुक्त कार्यक्रम तय गरी संचालन गरिनेछ।

८८) “चिनौ आफ्नो माटो, बनौ स्वावलम्वी" भन्ने नारा सहित युवा सीप विकास र उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ।

८९) खेलको माध्यमवाट स्वस्थ नागरिक तयार गर्न विभिन्न खेलकुद कार्यक्रम संचालन गरिनेछ।

## “ बालबालिका तथा बालमैत्री कार्यक्रम ”

९०) यस गाउँपलिकलाई बालमैत्री गाउँपालिका बनाउन विभिन्न कार्यक्रमहरु संचालान गर्ने व्यवस्था मिलाएको छु ।

९१) बाल विबाह, बालश्रम, बालबालिका विरुद्ध हिम्सा, बालयौन दुर्व्यवहार, दुर्व्यशन न्यूनीकरण सम्बन्धि विभिन्न कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाएको छु ।

९२) सार्वजनिक जग्गाको व्यवस्थापन गरि यसै आ.व. देखि केहि वडामा बालउद्यान निर्माण कार्यको थालनी गरिने छ ।

## “ महिला बालबालिका तथा सामाजिक न्याय ”

९०) घरेलु हिंसामा परेका महिलालाई न्याय दिलाउन उच्च प्राथमिकता दिइने छ ।

९१) महिला अपाङ्ग र बालबालिका लक्षित कार्यक्रमहरु प्रभावकारीरुपमा लागू गर्ने व्यवस्था मिलाएकोछु ।

९२) अपाङ्ग परिचय-पत्र घुम्ती शिविर मार्फत वितरण गर्ने कार्यलाई अझ सरलीकृत गरिने छ ।

९३) किशोरीहरुको बहुआयामिक विकास, लैंगिकतामा आधारित हिंसा न्यूनीकरण, प्रजनन स्वास्थ्य र बाल अधिकार प्रबर्धन कार्यक्रमहरु संचालन गरिनेछ ।

९४) महिलाहरुमा रहेको परम्परागत सीप प्रवर्धन गर्नुका साथै महिला उद्यमशिलता प्रवर्धन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

९५) वैदेशिक रोजगारमा गएका परिवारका महिलाहरुका लागि सीप मूलक कार्यक्रम संचालन गरिने छ ।

९६) हिंसा पीडितका लागि राहत तथा पुनर्स्थापना कोष स्थापना गरिने छ ।

९७) विद्यालय विमुख किशोरीहरुका लागि बहुआयामिक विकास कार्यक्रम संचालन गरिने छ ।

९८) अपाङ्गता भएका व्यक्तिहरुलाई सीप तथा व्यवसायिक विकास कार्यक्रम तथा उनीहरुलाइ सहायक सामाग्री वितरण गरिने छ ।

९९) वहुविवाह र वाल विवाहका कारण महिलाहरुमा पर्न गएको सामाजिक एवं मनोबैज्ञानिक पिडालाई न्यूनिकरण गर्न अधिकारमा आधारित बहुविवाह र वालविवाह उन्मूलन कार्यक्रम संचालन गरिनेछ। यसका लागि विद्यालयका वालवालिका उपयोग र न्यायिक समितिको सवलीकरण गरिनेछ।

१००) "हुप्सकोट सरकार, एकल महिलाको साथ" भन्ने नारा सहित एकल महिलाहरुको संरक्षण र सीप विकासका लागि एकल महिला पाठशाला संचालन गरिनेछ।

## “ जेष्ठ नागरिक ”

१०१) गाउँपालिका भित्रका जेष्ठ नागरिकहरुको संरक्षण, नियमित र निशुल्क स्वास्थ्य परिक्षण तथा उपचारकोलागि स्वास्थ्य शिविर, जेष्ठ नागरिक सम्मान कार्यक्रमहरु संचालन गरिनेछ ।

१०२) वडाहरुमा जेष्ठ नागरिक, अन्तर पुस्ता सीप हस्तान्तरण कार्यक्रम संचालन गरिने छ ।

१०३) प्रत्येक टोलमा **जेष्ठ नागरिक समूह** गठन गरि उनिहरुको जीवनशैलीलाई सजिलो बनाउन विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

## “ न्यायिक समिति ”

१०४) न्यायिक समितिको कामलाई वस्तुपरक बनाउन संस्थागत विकास गरिनेछ ।

१०५) स्थानीय न्याय सम्पादन कार्यलाई छिटो छरितो र व्यवस्थित बनाइनेछ ।

१०६) मेलमिलापकर्तालाई सशक्त बनाउन तालिमको व्यवस्था मिलाइनेछ ।

## “ पर्यटन तथा पूर्वाधार विकास ”

१०७) हुप्सेकोट गाउँपालिकाको सबै वडा कार्यालयहरुलाई गाउँपालिकाको केन्द्रसँग जोड्दै त्यहाँका विद्यालय, स्वास्थ्य चौकी र अन्य महत्वपूर्ण सेवा प्रवाहका केन्द्रहरुलाई समेट्दै गाउँपालिकाको पहाडी क्षेत्रलाई महेन्द्र राजमार्ग सम्म जोड्न हुप्सेकोट चक्रपथ निर्माण योजनालाई निरन्तरता दिईएकोछ।

१०८) हुप्सेकोट गाउँपालिकाभित्र अब कोही पनि खरको छानो मुनि बस्नु पर्ने छैन भनि त्यसको सुनिश्चितताका लागि खरको छानोमुक्त गाउँपालिका घोषणा गर्न आवश्यक वजेट विनियोजन गरिएको छ।

१०९) रुद्रपुरगढी क्षेत्रको ऐतिहासिक तथा पर्यटकिय महत्वलाई संरक्षण गर्न त्यस क्षेत्रमा एकिकृत नमुना बस्ती निर्माण गर्न वजेट विनियोजन गरिएको छ।

११०) वन वातावरण तथा विपद व्यवस्थापनको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ, यस अन्तर्गत "ल्याण्ड फिल्ड साईट" व्यवस्थापनका लागि आवश्यक प्रारम्भिक वजेट विनियोजन गरिएको छ।

१११) सटाकुन खानेपानी र गुरुङ्गदी खानेपानी योजना संचालनको लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ।

११२) शिक्षावोधनी मा.वि. को अपुरो भवन निर्माण गर्न आवश्यक वजेटको व्यवस्था गरिएकोछ।

११३) वडा नं ३ र वडा नं ६ को वडा भवन निर्माण गर्न तथा वडा नं १, २ र ५ का वडा भवनहरु निर्माण सम्पन्न गर्न पर्याप्त वजेट विनियोजन गरिएको छ।

११४) नमुना आवासिय विद्यालय स्थापना गर्नको लागि हुप्सेकोट मा.वि. मौलाथर र शिक्षावोधनी आ.वि. रुद्रपुरमा छात्राबास निर्माण कार्यलाई पुरा गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ।

११५) महत्वपूर्ण र बहुआयमिक पर्यटन आयोजनाहरु जस्तैः रुद्रपुरगढी एकिकृत नमुना बस्ती तथा होमस्टे निर्माण, रुद्रपुरगढीको पर्यटन प्रवर्द्धन तथा पदमार्ग निर्माण, श्री पोखरीको संरक्षण, रमितेडाडाँ कृष्ण ढुङ्गामा रक क्लाइमविङ्ग, मौलाथर सामुदायिक होमस्टे, मोहनडाडाँमा भ्यूटावर सहित पार्क निर्माण गरी पर्यटक पदमार्ग निर्माण एवं संचालनका लागि इच्छुक संघसंस्था, निजीक्षेत्र, सहकारी लगायतका क्षेत्रहरुलाई आव्हान गरी ब्यवस्थित बैज्ञानिक विधि अवलम्वन गरी सार्वजनिक जग्गा भाडामा दिने कार्यलाई उच्च प्राथमिकतामा राखि कार्यन्वयन गरिनेछ। हुप्सेकोट गाउँपालिका वडा नं १,२ र ३ अन्तर्गत महेन्द्र राजमार्गको उत्तर तर्फ रहेका विराट, मयुरपोखरी, थुम्किदेबी, त्रिकोण, सत्यवती क र ख बैज्ञानिक वन भित्र जंगल सफारीको संभाव्यता अध्ययन गरी उल्लेखित बैज्ञानिक बनहरुको स्रोत प्रयोग गरी पर्यटन प्रवर्द्धनका लागि जंगल सफारी संचालनको प्रवन्ध गर्न उपयुक्त समन्वय र नतिजामुखी सहकार्य गरिनेछ।

११६) हुप्सेकोट गाउँपालिकाको शहरी क्षेत्र झ्यालबास, गिरुवारीलाई शहर उन्मुख पूर्वाधार निर्माणमा जोड दिई आगामी दिनमा व्यवस्थित भूकम्प प्रतिरोधी आवास निर्माणमा जोड दिइनेछ। गिरवारी, बेलुवा, कावासोती जिल्ला सदरमुकामसम्म जोडने सडकको दायाँ बायाँ निजी क्षेत्रसंगको सहकार्यमा व्यवस्थित बस्तीविकास गरिनेछ। गाउँपालिका क्षेत्र भित्र घर निर्माण गर्दा अनिवार्य रुपमा नापी नक्सा घरजग्गा पासको कार्य अगाडी बढाइनेछ। छिमेकी जिल्ला पाल्पाको निस्दी गाउँपालिकाको कार्यालय देखि हुप्सेकोट वडा नं ६ हुदै मोहनडाडाँ गिरवारी बेलुवा कावासोती जिल्ला सदरमुकामसम्म जोडने सडकलाई उच्च प्राथमिकतामा राखी यस सडक खण्डमा पर्ने गिरवारी खोला तथा पत्थर खोलामा पक्की पुल निर्माणका लागि संघ र प्रदेशसंग समन्वय गरी छिट्टै सम्पन्न गरिनेछ।

११७) हुप्सेकोट गाउँपालिकाको महेन्द्र राजमार्ग अन्तर्गत कावासोती नगरपालिका र मध्यविन्दु नगरपालिकाको सिमानाको विचमा रहेको ३ किलोमिटर राजमार्ग क्षेत्र तिन पालिकावीच समन्वय गरी सिमाना एकिन

गरीएको छ। हुप्सेकोटको प्राचिन, ऐतिहासिक, धार्मिक एवं पर्यटकीय स्थलको चिनारी झल्किने गरी महेन्द्र राजमार्ग अन्तर्गत ४० किलो भन्ने स्थानमा हुप्सेकोट प्रवेशद्वार निर्माण गरि गाउँपालिकाको राष्ट्रियस्तरमा चिनारी प्रवर्द्धन गरी धौवादी फलाम खानीको प्रवेश मार्ग बनाइने छ ।

११८) "विदेशमा सिकेको सीप र मिहिनेत, गाउँपालिकामा उपयोग" भन्ने मुल नारालाई आधार मानी कोभिड-१९ का कारण बैदेशिक रोजगारीवाट फर्केका र गाउँपालिकामा नै बसेर केहि गर्न इच्छुक नागरिकहरुको ईच्छा, तत्परता, व्यवसायिक सामार्थ्य र उद्यमशिलताको विश्लेषण गरी व्यवसायिक बाख्रा पालन, च्याउँखेती, भैसी/गाईपालन, कफि खेती, तरकारीखेती आदि लगायतका कार्यक्रमहरु संचालन गरिनेछ।यसले बैदेशिक रोजगारलाई क्रमश निरुत्साहित गर्दै गाउँपालिका भित्र रोजगारी सृजना र स्वावलम्वनको विकास हुनेछ।

११९) कोभिड-१९ का कारण खाद्यवालीमा आउन सक्ने जोखिम आकलन गरी खाधान्न आत्मनिर्भरता र खाधसुरक्षाको सुनिश्चितता गर्न गाउँपालिका भित्रको वडाहरुमा उत्पादन हुने वाली फसलहरुको तथ्याङ्क संकलन गरी खाधान्न सन्तुलन वासलात (Food Balance Sheet) तयार गरिने छ।यसवाट गाउँपालिका भित्रका वडाहरुको खाधान्न वालीको अवस्था र अन्तर वडा खाधान्न आपूर्तिको प्रणाली सुनिश्चित गर्न एवं खाधान्न वालीको समर्थन मुल्य तोक्न अध्ययन गरिनेछ।

१२०) व्यवसाय विकास र विस्तार तथा समुदाय स्तरमा रोजगारी सृजना गर्ने र उक्त अवस्था सृजना गर्न नसकेमा क्षतिपुर्ति तिर्नुपर्ने प्रवन्ध सहित पशुपालन र कृर्षिक्षेत्रमा साना मोडेल फर्म स्थापना र संचालनका लागि गाउँपालिकावाट प्राविधिक सेवा सहितको अनुदान कार्यक्रम संचालन गरिनेछ।यसले अनुदान लिई व्यवसाय स्थापना गरी विचमै छोडने र अनुदानको सहि उपयोग नहुने प्रवृतिको अन्त्य गरि थप व्यवसाय विस्तार र रोजगारी सृजना हुने अपेक्षा गरिएको छ।

१२१) गाउँपालिका भित्रका प्रत्येक वडाहरुमा टोल सुधार समिति गठन गरी गाउँपालिका भित्र ढुङ्गा, गिट्टी, वालुवा, माटो, दहत्तर, बहत्तर, खानी, काठ र जडिबुटी अवैध चोरी तस्करी र नियम विपरितको निकासीको कार्यलाई निरुत्साहित गर्न गाउँपालिकाले उठाउने प्रशासनिक दण्ड जरिवानाको १०% प्रोत्साहन रकम तत्काल टोल सुधार समितिमा दिइने प्रवन्ध गरिनेछ। यसले प्राकृतिक स्रोत संरक्षणमा नागरिक साझेदारी प्रवर्द्धन गर्दै समुदायको विकासमा टेवा पुर्याउने अपेक्षा गरिएको छ।

१२२) टोल सुधार समितिसंगको सहकार्यमा नागरिककै सहभागितामा घर आगन सडक उज्यालो कार्यक्रम संचालन गरिनेछ।

१२३) गाउँपालिकाको समन्वयमा निजी क्षेत्र एवं सहकारीहरुको लगानी भित्राई गाउँपालिका भित्र चिस्यान केन्द्र स्थापनाको प्रक्रिया अगाडी बढाईनेछ। सार्वजनिक निजी साझेदारी अवधारणामा आधारित रहि गाउँपालिका क्षेत्र भित्र अदुवा प्रशोधन केन्द्र स्थापना गरी अदुवा वाली विकासमा टेवा पुर्याइनेछ ।

१२४) कोभिड-१९ का कारण राहत दिनु पर्ने अवस्थामा रहेका व्यक्तिहरुलाई गाउँपालिकाको पूर्वाधार निर्माण आयोजनामा उपयोग गर्ने गरी राहतको सट्टा रोजगारी कार्यक्रम संचालन गरिनेछ।

१२५)	गाउँपालिकाबाट छिटोछरितो र प्रभावकारी सेवा पुर्याउन गाउँपालिका भवन निर्माण कार्यलाई अगाडि बढाइने छ ।

१२६)	चोरमारा-झ्यालबास आलोक चक्रपथ, गिरवारी गैंडाखोला झोलुङ्गे पूल, गिरवारी गुँहेरी झोलुङ्गे पूल निर्माण कार्यलाई प्रदेशसँग समन्वय गरि अगाडि बढाइनेछ ।

१२७)	गिरवारी खोला तटबन्ध, आकाशे जुल्पेकुलो निर्माण, जुगेपानी डिप ट्युवेल जडान, मोहनडाँडा खानेपानी आयोजना प्रदेशसँग समन्वय गरि संचालन गरिनेछ ।

१२८)	बेलवा-कावासोती सडक कालोपत्रे, पत्थरखोला सिंचाइ आयोजना, शंखदेव दायाँ प्रणाली सिंचाइ आयोजना, शंखदेव दुइखोला खानेपानी आयोजना, रानीवेल सिंचाइ योजना, हुप्सेकोट खानेपानी हुप्सेकोट-४ प्रदेशसँग समन्वय गरि संचालन गरिनेछ ।

१२९)	हुप्सेकोट गाउँपालिकाभित्र आ.व.०७६/७७ मा उद्घाटन भई सकेको "हुप्सेकोट बसपार्क तथा कृषि उपज केन्द्र " निर्माणलाई थप रकम विनियोजन गरिएको छ।

१३०)	शंखदेवघाटमा पुल निर्माण गर्न तथा चुवाडीधारा देखि वडा कार्यालय सम्म सडक कालोपत्रे गर्न आवश्यक रकम विनियोजन गरिएको छ।

१३१)	रुद्रपुर सामुदायिक होमस्टे निर्माण गर्न तथा लागत सहभागिताबाट सडक कालोपत्रे गर्ने नीति अवलम्बन गर्ने गरी वजेट विनियोजन गरिएको छ ।

१३२)	चालिस कलोमिटर देखि यस गाउँपालिकाभित्र प्रवेश गर्ने सडकलाई स्तरउन्नती गरी हुप्सेकोट रंगशालासँग जोडिने छ ।

## “ सुशासन ”

१३३)	गाउँपालिकाको सेवा प्रवाह, विकास एवं आयोजना व्यवस्थापनका लागि विद्युतीय सरकारको अवधारणा अनुरुप गाउँपालिका र वडा कार्यलयहरुको Office Automation कार्यमा जोड दिइनेछ।

१३४)	गाउँपालिकाको प्रशासनिक संरचनालाई चुस्त, दुरुष्त, पारदर्शि, उत्तरदायी र सुशासनमैत्री बनाई सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्न गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र कार्यालय एवं कार्यलय अन्तर्गतका वडा कार्यालयका कर्मचारीहरु वीच कार्यसम्पादन सम्झौता गरिनेछ । कार्यसम्पादन सम्झौताका आधारमा उच्च कार्य सम्पादन भएका कर्मचारीहरुलाई सम्मानित गरी वृत्ति विकासका टेवा पुग्ने कार्यक्रम तय गरि कार्यन्वयन गरिनेछ।